तमानखोला गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ९ संख्याः १३ मितिः २०८२/११/२९ गते

**भाग-२**

**तमानखोला गाउँपालिका**

## तमानखोला गाउँपालिकाको आर्थिक सहायता(वितरण तथा व्यवस्थापन) सम्बन्धी कार्यविधि, २०८२

प्रस्तावनाः यस तमानखोला गाउँपालिकामा रहेका आर्थिक रुपले विपन्न, अशक्त, असहाय, जोखिममा परेका, दीर्घरोगी, मानसिक रोगी, हिंसा पिडित महिला, बालबालिका, बेवास्तामा परेका जेष्ठ नागरिक, द्धन्द्ध पीडित, प्राकृतिक प्रकोप वा अन्य कुनै विपदको कारण जोखिममा रहेका व्यक्ति तथा परिवार लगायत कमजोर आर्थिक अवस्थाको कारण जोखिममा परेका नागरिकहरुको संरक्षणको लागि तथा अन्य सार्वजनिक सरोकारका विषयमा गरिने आर्थिक सहायतालाई नियमित, व्यवस्थित तथा पारदर्शी बनाउने सम्बन्धमा कार्यविधि व्यवस्था गर्न वाञ्छनीय भएकोले, तमानखोला गाउँकार्यपालिकाले तमानखोला गाउँपालिकाको आर्थिक सहायता(वितरण तथा व्यवस्थापन) कार्यविधि, २०८२ बनाई लागू गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१.संक्षिप्त नाम र प्रारम्भः

(१) यस कार्यविधिको नाम तमानखोला गाउँपालिकाको आर्थिक सहायता(वितरण तथा व्यवस्थापन) कार्यविधि, २०८२ रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा र व्याख्याः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "गाउँपालिका" भन्नाले तमानखोला गाउँपालिका सम्झनुपर्दछ ।

(ख) "गाउँकार्यपालिका" भन्नाले तमानखोला गाउँकार्यपालिका सम्झनुपर्दछ ।

(ग) "अध्यक्ष" भन्नाले तमानखोला गाउँपालिकाको अध्यक्ष सम्झनुपर्दछ ।

(घ) "उपाध्यक्ष" भन्नाले तमानखोला गाउँपालिकाको उपाध्यक्ष सम्झनुपर्दछ ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले तमानखोला गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्दछ ।

(च) "आर्थिक सहायता" भन्नाले यस कार्यविधि बमोजिम उपलब्ध गराइने आर्थिक सहायता सम्झनुपर्दछ ।

(छ) "न्यायिक समिति" भन्नाले तमानखोला गाउँपालिका अन्तर्गतको न्यायिक समिति सम्झनुपर्दछ ।

(ज) "वडा समिति" भन्नाले तमानखोला गाउँ कार्यपालिकाको वडा समिति सम्झनुपर्दछ ।

(झ) "दुर्व्यसनी" भन्नाले कुनै व्यक्ति दर्व्यसन वा कुलत (जस्तै मदिरा, लागुपदार्थ, जुवा, धुम्रपान आदी) मा अत्याधिक रुपमा फसेको भन्ने सम्झनुपर्दछ ।

(झ) "सभा" भन्नाले तमानखोला गाउँपालिकाको गाउँ सभा सम्झनुपर्दछ ।

(ञ) **"आर्थिक सहायता पाउन योग्य व्यक्ति"** भन्नाले आर्थिक रुपमा विपन्न भएका मुटु, मृगौला, मस्तिष्क, फोक्सो, कलेजो जस्ता शरीरका महत्वपूर्ण अङ्गहरुका रोगी एवम् क्यान्सर पीडित व्यक्तिहरु, मानसिक रोगी, पक्षघात, हिंसाबाट पीडित एवम् बेचबिखनमा परेका महिलाहरु, द्धन्द्ध पीडित, लागुऔषध दुर्व्यसनीमा परेका, जोखिमपूर्ण श्रममा संलग्न भएको, हराएको वा वेवारिसे अवस्थामा फेला परेको, दुर्घटनामा परेको, बाबु वा आमा कारागार वा हिरासतमा रहेको बेसाहारा बालबालिका, यौन शोषण, यौन दुर्व्यवहार, अभिभावक विहीन बालबालिका, बेसहारा वृद्धवृद्धा, घर गोठ जलेर क्षति भएका बाढी पहिरो र डुवानबाट पीडित गाउँपालिकावासी, चटयाङ्ग, आगलागीमा परी उल्लिखित अवस्थामा भएका गाउँपालिकाका नागरिक सम्झनुपर्दछ र सो शब्दले तमानखोला गाउँपालिकाका कर्मचारी र जनप्रतिनिधि समेत बुझ्नु पर्दछ ।

## परिच्छेद-२
## आर्थिक सहायता सम्बन्धी व्यवस्था

**३.दीर्घ रोगी तथा क्यान्सर पीडितलाई सहायताः**

(१) आर्थिक सहायता पाउन योग्य दीर्घ रोगी(मृगौला, मुटु, फोक्सो, कलेजो) मस्तिष्क पक्षघात तथा मेरुदण्ड पक्षघात आदिका बिरामी साथै मानसिक रोगी तथा क्यान्सर पीडित व्यक्तिले आर्थिक सहायता प्राप्त गर्नका लागि आवश्यक कागजात सहित गाउँपालिकामा निवेदन दिन सक्नेछन ।

स्पष्टिकरण “आवश्यक कागजात” भन्नाले आर्थिक रुपले विपन्न भनी वडा कार्यालयले उपलब्ध गराएको सिफारिस, अस्पतालको रिपोर्ट, गाउँपालिकाको स्वास्थ्य संयोजकको सिफारिस लगायतका कागजात बुझ्नुपर्दछ।”

(२) उपदफा(१) बमोजिम प्राप्त निवेदन माथि आवश्यक जाँचबुझ गरी रु. ५ हजार देखि रु. ३० हजार सम्मको आर्थिक सहायता गाउँपालिकाको प्रमुखले उपलब्ध गराउन सक्नेछ ।

(३) रु. ३० हजार भन्दा माथि रु. १ लाख सम्मको आर्थिक सहायता गाउँ कार्यपालिकाको बैठकबाट निर्णय गर्नुपर्नेछ ।

**४. हिंसा पीडित तथा जोखिममा परेकालाई सहायता सम्बन्धी व्यवस्थाः**

(१) हिंसाबाट पीडित महिला तथा बालबालिकाको तत्काल उद्धार तथा राहतबापत रु. ५ हजार देखि २५ हजार सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।

(२) रु. २५ हजार भन्दा माथि रु. १ लाख सम्मको आर्थिक सहायता गाउँ कार्यपालिकाको बैठकबाट निर्णय गर्नुपर्नेछ ।

(३) पीडितलाई न्याय दिलाउन एवम् पुनर्स्थापनाको लागि न्यायिक समिति मार्फत आवश्यक पहल गरिनेछ ।

**५. आर्थिक रुपले विपन्न र जोखिमा परेका नागरिकलाई सहायताः**

(१) आर्थिक कारणले जोखिमपूर्ण श्रममा सलग्न भएको, हराएको वा बेवारिसे फेला परेको, बन्धकमा परेको वा जवरजस्ती श्रमबाट पीडित भएको, शारीरिक वा मानसिक यातना वा भेदभावजस्ता दुर्व्यवहारबाट पीडित, दुर्घटनामा परेको, प्राकृतिक प्रकोपमा परेको, बाबु वा आमा कारागार वा हिरासतमा रहेको वा कसुरसँग सम्बन्धित रहेको कारणले वेवारिसे रहेको, यौन शोषण, यौन दुर्व्यवहार, लागुऔषध दुर्व्यसनीमा परेको, बेचविखन ओसारपसारमा परेको, हिंसा पीडित, बाबु, आमा वा संरक्षकबाट वञ्चित, अपाङ्ग भएको, सुस्तमनस्थिति भएको, अपहरण वा शरीर बन्धकमा परेको, सडक नागरिक, एच.आई.भी. एड्सबाट संक्रमित, अति गरिव तथा विपन्न नागरिक भएमा तथा तत्काल उद्धार गर्नुपर्ने अवस्था भएमा गाउँपालिकाले उद्दार गरी तत्काल रु. १० हजार देखी २० हजार सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।

(२) रु. २० हजार भन्दा माथि रु. १ लाख सम्मको आर्थिक सहायता गाउँ कार्यपालिकाको बैठकबाट निर्णय गर्नुपर्नेछ ।
(२) उपदफा(१) मा उल्लिखित बालबालिकाको शिक्षादीक्षाको व्यवस्था सामुदायिक तथा संस्थागत विद्यालयसँग समन्वय गरी छात्रवृत्ति मार्फत गरिनेछ ।

**६.खेलकुद तथा सांस्कृतिक कार्यक्रम सञ्चालन सम्बन्धि सहायताः**
(१) गाउँपालिकाको स्वीकृतीमा खेलकुद प्रतियोगितामा सहभागी हुन जाने खेलाडी, प्रशिक्षक, सहायक प्रशिक्षकलाई प्रदान गरिने भत्ता र यातायात खर्च तमानखोला गाउँपालिकाको पुरस्कार तथा खेलाडी सम्मान कार्यविधि, २०७८ बमोजिम हुने र स्थानीय स्तरमा सञ्चालन हुने सांस्कृतिक तथा खेलकुद कार्यक्रम आयोजना गर्ने क्लव तथा संघ संस्थालाई रु. १० हजार देखि ५० हजार सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।
(२) रु. ५० हजार भन्दा माथिको आर्थिक सहायता गाउँ कार्यपालिकाको निर्णयानुसार हुनेछ ।

**७.बेवास्तामा परेका जेष्ठ नागरिक सहायताः**
६० वर्ष उमेर पुगेका र परिवारका सदस्यले बेवास्ता गरी भिन्न बसेका बिपन्न, दीर्घरोगी, असक्त जेष्ठ नागरिकले आर्थिक सहायताको लागि गाउँपालिकामा निवेदन पेश गरेमा र निवेदन मनाशिव भएमा रु. ५ हजार देखि २० हजार सम्म बार्षिक रुपमा आर्थिक सहायता उपलब्ध गराई पुनस्थापनाको लागि आवश्यक पहल गर्न सकिनेछ । तर गाउँपालिकाबाट नियमित सामाजिक सुरक्षा भत्ता बुझ्ने नागरिकको हकमा यो सुविधा उपलब्ध गराइने छैन ।

**८.काजक्रिया सहायता सम्बन्धी व्यवस्थाः**
**(१)** आर्थिक रुपमा विपन्न कुनै परिवारको सदस्यको मुत्यु भएमा कजक्रिया सहायता वापत रु. १० हजार सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।
**९. संस्थागत सहायता कार्यक्रमः**
(१) उल्लेखनीय र सामाजिक कार्यमा सहयोग पुर्याउन विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने संघ संस्थाहरुलाई आर्थिक सहायता दिन मनासिव भएमा रु. ५ हजार देखि २५ हजार सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।
(३) रु. २५ हजार भन्दा माथिको आर्थिक सहायता गाउँ कार्यपालिकाको बैठकबाट निर्णय गर्नुपर्नेछ।
**१०.द्धन्द्ध कालका सहिद तथा वेपत्ता र घाइते परिवारलाई सहायता कार्यक्रमः**
(१) राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि नेपाली जनताले पटक-पटक गर्दै आएका ऐतिहासिक जनआन्दोलन, सशस्त्र संघर्ष तथा द्धन्द्ध कालका सहिद तथा वेपत्ता र घाइते परिवारलाई रु. १० हजार देखि रु. २५ हजार आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।
(२) रु. २५ हजार भन्दा माथिको आर्थिक सहायता गाउँ कार्यपालिकाको निर्णय अनुसार हुनेछ ।

**११. जिन्सी सहायता उपलब्ध गराउन सक्नेः**

(१) यस कार्यविधिबमोजिम उपलब्ध गराइने सहायता नदग वा सो बराबरको जिन्सीको रुपमा उपलब्ध गराउन सकिनेछ ।

**१२. आर्थिक सहायता सम्बन्धी विशेष व्यवस्थाः**

(१) सेवामा रहेका वखत कुनै जनप्रतिनिधी वा कर्मचारी आकस्मिक रुपमा दुर्घटनामा परेर गम्भिर घाइते वा बिरामी भएमा निज वा निजको हकवालालाई रु ५० हजार सम्म र मृत्यु भएमा निजको हकवालालाई रु. १ लाख रुपैयाँ सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।

(२) उपदफा(१) मा उल्लिखित सीमा भन्दा बढीको आर्थिक सहायता गाउँ कार्यपालिकाको निर्णय अनुसार हुनेछ ।

**१३.आर्थिक सहायताको लागि बजेटको व्यवस्थाः**

(१) यस कार्यविधि बमोजिम प्रदान गरिने आर्थिक सहायताको लागि तपसिल बमोजिमको बजेटको व्यवस्था हुनेछ ।

| **क्र.स.** | **आर्थिक सहायता** | **बजेट** |
|---|---|---|
| १. | दीर्घ रोगी तथा क्यान्सर पीडितलाई सहायता | बिरामी तथा सुत्केरी सहायता कोष |
| २. | हिंसा पीडित तथा जोखिममा परेकालाई सहायता सम्बन्धी व्यवस्था | हिंसा पीडित महिलालाई सहयोग कार्यक्रम |
| ३. | आर्थिक रुपले विपन्न र जोखिममा परेका नागरिकलाई सहायता | विपन्न नागरिक सहायता कार्यक्रम |
| ४. | खेलकुद तथा सांस्कृतिक कार्यक्रम सञ्चालन सम्बन्धि सहायता | खेलकुद विकास कोष |
| ५. | बेवास्तामा परेका जेष्ठ नागरिक सहायता | अन्य सामाजिक सहायता कार्यक्रम |
| ६. | काजक्रिया सहायता सम्बन्धी व्यवस्था | अन्य सामाजिक सहायता कार्यक्रम |
| ७. | संस्थागत सहायता कार्यक्रम | अन्य सामाजिक सहायता कार्यक्रम |
| ८. | आर्थिक सहायता सम्बन्धी विशेष व्यवस्था | आकस्मिक सहायता कोष वा तमानखोला गाउँपालिका प्रकोप व्यवस्थापन कोष |

| | | |
|---|---|---|
| ९. | द्धन्द्ध कालका सहित तथा वेपत्ता र घाइते परिवारलाई सहायता कार्यक्रमः | द्धन्द्ध कालका सहित तथा वेपत्ता र घाइते परिवारलाई सहयोग तथा सम्मान कार्यक्रमः |

## परिच्छेद-३
## विविध

**१४. निवेदनको ढाँचाः** आर्थिक सहायता पाउन अनुसूची-१ को ढाँचामा निवेदन दिनुपर्नेछ । तर तत्काल उद्दार तथा राहत दिन आवश्यक भएकोमा कुनै माध्यमबाट गाउँपालिकामा जानकारी हुन आएमा निवेदन नपरेको अवस्थामा समेत गाउँपालिकाले आफै नगद तथा जिन्सी सहायता सय कार्यविधिबमोजिम सहायता पाउने व्यक्तिलाई उपलब्ध गराउन सक्नेछ ।

**१५.कार्यविधि संशोधनः** यस कार्यविधिम प्रचलित कानूनको प्रतिकुल नहुनेगरी गाउँ कार्यपालिकाले संशोधन गर्न सक्नेछ ।

**१६.बाधा अड्काउ फुकाउनेः** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ आइपरेमा यसको बाधा हड्काउ फुकाउने अधिकार कार्यपालिकामा रहने छ ।

## अनुसूची-१

(दफा ९ सँग सम्बन्धित)

मितिः

श्रीमान् गाउँपालिका अध्यक्ष ज्यू
तमानखोला गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय
बोंगादोभान, बागलुङ ।

विषयः आर्थिक सहायता उपलब्ध गराईदिनुहुन ।

महोदय,

प्रस्तुत सम्बन्धमा म/हामी.......................................समस्याले ग्रसित भई........................ ................................गर्नका लागि यस कार्यालयको सहयोग आवश्यक भएको व्यहोरा अवगत गराउँदछु/छौं । .......................................को लागि म र मेरो परिवारको आर्थिक अवस्था नाजुक भएको हुँदा सो को लागि तहाँ कार्यालयको नियमानुसार आर्थिक सहायता उपलब्ध गराई दिनु हुन अनुरोध छ ।

निवेदक नामः
ठेगानाः
हस्ताक्षरः

आज्ञाले,
अमित परियार
प्रमुख प्रशासकीय अधिकृत